नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

प.सं. २०७७।०७८ शि.व्य.
चलानी नं 80

मितिः २०७७/०६/२९

विषयः दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा।

सबै स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाईहरु ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६/०४/०५ को दरबन्दी मिलान तथा पुनर्वितरणसम्बन्धी निर्णय कार्यान्वयनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६/१०/१० को माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६अनुसार स्थानीय तहहरुमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गर्ने सम्बन्धमा विभिन्न जिल्लाहरुबाट सोधनी भएका विषयहरुमा थप सहजीकरणका लागि देहाय अनुसार खुलाई पठाइएको छ । शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि अनुसारका कार्यहरु तोकिएकोको समयमा सम्पन्न गर्नु गराउनु हुन निर्णायानुसार अनुरोध छ ।

१. शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको सन्दर्भमा कटौती हुने (खुद पुल दरबन्दी रहेका) स्थानीय तहबाट तोकिएको सोही जिल्लाको अर्को दरबन्दी थप हुने स्थानीय तह वा सोही प्रदेशको दरबन्दी थप हुने अर्को जिल्लाको: स्थानीय तहमा दरबन्दी सहित सरुवा भइ जान इच्छुक शिक्षकहरुको निवेदन माग गरी जिल्लाभित्रको हकमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले दरबन्दी सहित सरुवा व्यवस्थापन गरी सो को जानकारी यस केन्द्रमा गराउनु हुन र साथै दरबन्दी कटौती हुने (खुद पुलमा रहेका) जिल्लाबाट सोही प्रदेशको दरबन्दी थप हुने जिल्लामा सरुवा भई जाने शिक्षकलाई सरुवा छोड्ने सम्बन्धित इकाइको सरुवा सहमती सहित सरुवा व्यवस्थापनको लागि यस केन्द्रमा पठाउने कार्य २०७७ साल कार्तिक मसान्त भित्र गर्न गराउन हुन ।

२. अपाङ्गता भएका विद्यार्थीहरुको लागि साविक देखि स्रोत कक्षा सञ्चालन हुँदै आएको (स्रोत कक्षा संचालनको अनुदान प्राप्त ) विद्यालयमा प्रति स्रोत कक्षा १(एक) जना प्राथमिक तहको स्रोत शिक्षकको दरबन्दी कायम गरी अन्यको शिक्षकको हकमा मात्र दरबन्दी मिलान गर्नुका साथै लेखाजोखा केन्द्रको संयोजकको हकमा दरबन्दी जुन स्थानीय तहमा रहेको छ सोही स्थानीय तहमा दरबन्दी कायम गरी यथावत कामकाज गर्ने गरी व्यवस्था मिलाउन हुन ।

३. विशेष शिक्षा परिषद् अन्तर्गत अनुमति स्वीकृत पाई साविक देखि सञ्चालनमा रहेका विशेष विद्यालयमा रहेको शिक्षक दरबन्दी र सामुदायिक विद्यालयमा एकिकृत शिक्षा कार्यक्रमका लागि उपलब्ध भएको विशेष शिक्षा परिषद् अन्तर्गतको शिक्षक दरबन्दी मिलानमा गणना नगरिएको हुँदा उक्त दरबन्दीलाई सोही स्थानीय तहको स्वीकृत संख्या मानी सोही विद्यालयमा कामकाज गर्ने गराउने व्यवस्था मिलाउन हुन।

४. यस केन्द्रको वेवसाइटमा प्रकाशित साविकको उच्चमाध्यमिक तहको दरबन्दी र अनुदान कोटा संख्यामा फरक पर्न गएको भनी विभिन्न जिल्लाबाट पत्राचार भई आएकोमा सम्बन्धित जिल्लाका लागि स्वीकृत दरबन्दी तथा अनुदान कोटा संख्या (शिक्षा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७७।०७८/शि.व्य.
चलानी नं ४०

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

विकास तथा समन्वय इकाईमा रहेको अभिलेख अनुसार) स्थानीय तहगत रुपमा रहेको दरबन्दी र अनुदान कोटा संख्या यकिन गरेर मात्र दरबन्दी तथा अनुदान कोटा मिलान तथा पुनर्वितरण गर्नु गराउनु हुन ।

५. कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन गर्ने विद्यालयहरुको लागि उपलब्ध अनुदानमा कार्यरत प्रशिक्षक र सहायक प्रशिक्षकको शिक्षक संख्यालाई दरबन्दी मिलान गर्दा गणना नगरिएको हुँदा निजहरुलाई यथावत सोही प्रयोजनमा कामकाज लगाउनु हुन।

६. यस केन्द्रबाट उपलब्ध गराएको शिक्षक दरबन्दी मिलान तालिकामा उल्लेख भएको मौजुदा शिक्षक दरबन्दी महलमा सो जिल्ला वा स्थानीय तहको खुद पुल दरबन्दी कट्टा हुने भए कट्टा भएपछि र कुनै जिल्ला अन्तर्गतका स्थानीय तहमा दरबन्दी थप हुने भए थप भएको पत्र प्राप्त भएपछि मात्र सो जिल्ला वा स्थानीय तहको कुल स्वीकृत शिक्षक दरबन्दी कायम हुने र सो तालिकाको आवश्यक दरबन्दी महलमा उल्लेख भएको दरबन्दी संख्या स्वीकृत दरबन्दी नभएकोले पदपूर्ति गर्न नमिल्ने र नेपाल सरकारबाट दरबन्दी सिर्जना भई नियमानुसार दरबन्दी थपको आधिकारिक पत्र प्राप्त भएपछि मात्र पदपूर्ति गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

७. स्थानीय तहमा रहेको प्राथमिक तहको पुल दरबन्दी निम्न माध्यमिक तथा माध्यमिक तहमा वितरण गर्दा माथिल्लो तहमा पुल दरबन्दी कायम हुने विद्यालयको विषयगत आवश्यकता र शिक्षकको योग्यता एवम् चाहना समेतको आधारमा व्यवस्थापन गर्न गराउनु हुन।

०६।२१

टंक प्रसाद गौतम
निर्देशक